# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सः २०८३/०८४ अर्खाँगुल्मी मितिः २०८३/०५/२५

चलानी नं. सुचना नं-२१ लुम्बिनी प्रदेश, नेपाल ने.सं: ११४६

## हल गोरु पालक कृषक प्रोत्साहन कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत परम्परागत कृषि प्रणाली, स्थानीय जातका गोरुको संरक्षण तथा उपयोग, कृषि यान्त्रीकरणको पहुँच नपुगेका क्षेत्रमा कृषि उत्पादनलाई निरन्तरता तथा हल गोरु पालन गर्ने कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले "हल गोरु पालक कृषक प्रोत्साहन कार्यक्रम" सञ्चालन गर्न लागिएको हुँदा इच्छुक तथा योग्य कृषकहरूबाट देहायबमोजिम प्रस्ताव/आवेदन सूचनाको मितिले २१ दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपसिल अनुसारका कागजातहरू संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ।

*आवश्यक कागजात:*

१. निवेदन

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. मालिका गाउँपालिकाको स्थायी वासिन्दा भएको प्रमाण/ लालपुर्जाको प्रतिलिपि।

४. कम्तीमा एक जोडी (वटा २)हल गोरु पालन गरी कृषि कार्यमा प्रयोग गरिरहेको कम्तिमा ३ जना छिमेकिको मुचुल्का।

५. सम्बन्धित कृषक सहित हल गोरुको स्पष्ट देखिने रंगिन फोटो।

६. चेकको/बैंक खाताको विवरण प्रतिलिपि।

*सेवा तथा शर्तहरु:*

१. एउटा गोरु पालि छिमेकी सँग गोरु जोडि हल बाँधेको हकमा, निज कृषक यस कार्यक्रममा आवेदनको लागी अयोग्य ठहरिने छ।

२. एकै परिवारमा १ भन्दा बढि हल गोरु पालन गरेको हकमा, १ हल वापतको प्रोत्साहन रकम मात्र उपलब्ध गराईनेछ।

३. अन्य सेवा सुविधा तथा शर्तहरु, मालिका गाउँपालिकाको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिम हुनेछ।

विवेक खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत